## बारा जिल्लाको निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल र एअरपोर्ट सिटीको विस्तृत सम्भाव्यता अध्ययन

त्रिवर्षिय योजना (२०६३-६६) र आ. व. २०६४।६५ देखि चालू आ. व. को बजेट वक्तव्य समतले निरन्तरता दिएको नेपाल प्रवेश गर्ने वैकल्पिक अन्तर्राष्ट्रिय हवाई मार्गको रुपमा बारा जिल्लाको निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल र एअरपोर्ट सिटी BOOT Model निर्माण, स्वामित्वकरण, सञ्चालन र हस्तान्तरण ढाँचामा कार्यान्वयन गर्न परियोजनाको विश्तृत संभाव्यता अध्ययनकोलागि कोरियाको ल्याण्डमार्क वर्ल्डवाईड कम्पनीसँग वार्ता गर्ने नेपाल सरकार (म.प) को मिति २०६५।९।२ निर्णय बमोजिम वार्ताको चरण पूरा भएको र निकट भविष्यमानै नेपाल सरकारले आवश्यक निर्णय लिई विस्तृत संभाव्यता अध्ययनको अनुमति दिने प्रक्रियामा रहेको ।

## ट्राभल तथा ट्रेकिङ एजेन्सीको नवीकरण

ट्राभल तथा ट्रेकिङ एजेन्सीको नवीकरण सम्बन्धमा विगत लामो समयदेखि कायम रहेको विवाद समाधानकोलागि सम्बद्ध व्यावसायिक संस्था र सरोकारवालासँगको छलफलबाट तय भए बमोजिमको सहमतिको बुँदाको अधिनमा रही नेपाल सरकारबाट हालै संशोधन भएको उक्त नियमावली नेपाल राजपत्रमा प्रकाशन हुने प्रकृयामा छ । उक्त नियमावलीले मुख्यतः निम्न व्यवस्था गरेको छ ।

- नवीकरण प्रक्रिया अवरुद्ध भएका सबै ट्राभल तथा ट्रेकिङ एजेन्सीले यो नियमावली लागू भएको मितिले ६ महिनाभित्र नवीकरण गर्न पाउने,
- नवीकरण प्रक्रिया अवरुद्ध भए वापत बुझाउनु पर्ने साविकको जरिवाना तथा दस्तुरमा पचाश प्रतिशतको दरले घटाईएको छ ।
- साविकमा दर्ता भएका ट्राभल तथा ट्रेकिङ एजेन्सीले बैङ्क ग्यारेण्टी राख्नु पर्ने व्यवस्था एक वर्षकोलागि थाँती राखिएको छ ।
- ट्राभल तथा ट्रेकिङ एजेन्सीले शाखा कार्यालय खोल्न पाउने व्यवस्थामा थप स्पष्ट गरिएको छ ।

## हवाई यात्रु सेवा दस्तुर हवाई टिकट खरिद गर्दानै बुझाउने

हवाई सेवा दस्तुर बुझाउनकोलागि विमानस्थलमा लाईन बस्नु पर्ने असुविधा हटाउन हवाई यात्रुले हवाई टिकट खरिद गर्दानै हवाई सेवा दस्तुर बुझाउनु पर्ने व्यवस्था गत २०६५।११।१८ देखि कार्यान्वयनमा आएको र यसकोलागि सम्बन्धित नियमावलीमा गरिएको संशोधनलाई स्वीकृति दिने प्रकृया अन्तिम चरणमा पुगेको ।

## पदयात्रा अभिलेखीकरण सम्बन्धमा नयाँ व्यवस्था

पदयात्रा अभिलेखीकरण सम्बन्धमा साविकको व्यवस्थामा केही परिवर्तन गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ । नयाँ व्यवस्था अनुसार पदयात्रा अभिलेखीकरण गर्ने मूल जिम्मेवारी नेपाल पर्यटन बोर्डलाई प्रदान गर्ने प्रस्ताव गरिएकोछ । बोर्ड मार्फत सरकारी, गैर सरकारी, स्थानीय निकाय लगायत पर्यटन व्यवसायसँग सम्बद्ध व्यावसायीक संघ संस्था समेत सो काममा संलग्न हुन पाउने । पदयात्री पर्यटकलाई पदयात्रा अभिलेखीकरण सेवा उपलब्ध गराए वापत पर्यटन बोर्डसँग भएको सम्झौता अनुसार सेवा शुल्क उठाउने समेतको व्यवस्था प्रस्ताव गरिएको छ ।

## प्रतिमा स्थापना सम्बन्धमा

नेपालको पर्यटन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वहरु श्री सर एडमण्ड हिलारी, श्री तेन्जिङ शेर्पा र श्री वोरिस लिसान्भिचको प्रतिमा नेपाल पर्यटन बोर्डको परिसरभित्र स्थापना गर्न आशयका साथ गैर आवासिय नेपाली संघ, रुसको महासचिव डा. बद्री के.सी. को लिखित अनुरोधमा नेपाल पर्यटन बोर्डबाट आवश्यक प्रक्रिया अघि बढाईएको ।

समाज कल्याण परिषद् भृकुटी मण्डप कार्यालयले विदेशी नागरिकको प्रतिमा राख्ने वारे "नेपाल सरकार, परराष्ट्र मन्त्रालय तथा सम्बन्धित देशको स्वीकृति र जग्गाधनी समेतको सहमति हुनु पर्ने" धारणा व्यक्त गरेको ।

स्थलको वैधानिक स्वामित्व प्राप्त निकाय, प्रतिमा स्थापना गर्ने सम्बन्धमा उल्लिखित व्यक्तिहरुको परिवारका सदस्य एवं सम्बन्धित प्रतिष्ठान ट्रष्ट तथा मुलुकको कुनै आपत्ति नभएको अवस्थामा प्रतिमा स्थापना गर्न यस्तै परराष्ट्र मन्त्रालयको मिति २०६६,६।२१ को पत्रले सहमति व्यक्त गरेको पाईन्छ ।

यस क्रममा नेपाल पर्यटन बोर्डले कारवाई अघि बढाईएको फायल अध्ययन गर्दा प्रस्तुत काम कारवाईमा निम्न पदाधिकारी तथा निकायले सहमति तथा समर्थन व्यक्त गरेको पाईन्छ ।

नेपालकोलागि रसियन महासँघको महामहिम राजदूत Andrey L. Trofimov ले हस्ताक्षरित २४ डिसेम्वर, २००८ र ९ सेप्टेम्वर, २००९ को पत्र र रसियन महासँघकोलागि नेपाली महामहिम राजदूत श्री सूर्य किरण गुरुङबाट हस्ताक्षरित ४ सेप्टेम्वर, २००९ को पत्र समेतबाट उपराक्त बमोजिमको काम कारवाईमा समर्थन व्यक्त भएको पाईन्छ ।

जुन हिलारीको मिति २३ फ्रेवुअरी, २००९ को इमेल, लेडी हिलारी अध्यक्ष रहेको हिमालन ट्रष्टको प्रमुख प्रशासकीय अधिकृत श्री आङरिता शेर्पाको मिति २४ फ्रेवुअरी, २००९ को पत्र, नेपाल पर्वतारोहण संघको मिति २२ जुन, २००९ को पत्र तथा तेन्जिङ एशोसिएशन होलिडेजको तर्फबाट तासी तेन्जिङ र परिवारले लेखेको मिति २१ जनवरी, २००९ को पत्रबाट समेत उपरोक्त बमोजिमको काम कारवाई सम्पन्न गर्न सकारात्मक धारणाको सदाशयता व्यक्त गरेको पाईन्छ ।

जहाँसम्म प्रतिमा स्थापना गर्ने स्थल अर्थात जग्गाको वैधानिक स्वामित्वको प्रस्न छ सो सम्बन्धमा हाल नेपाल पर्यटन बोर्डको भवन रहेको परिसरको चार किल्ला भित्रको जग्गा पर्यटन सेवा केन्द्र (काठमाण्डौ भिजिटर्स सेन्टर) को भवन बनाई ९९ वर्षकोलागि लिज पट्टामा उपभोग गर्ने गरी नेपाल सरकार तत्कालीन पर्यटन विभाग र समाज कल्याण परिषद् विच मिति २०४६ माघ ६ गते लिज सम्झौता भएको पाईन्छ । लिज सम्झौताको दफा ३ मा "प्रकरण २ बमोजिम निर्धारित ठाउँमा निर्माण हुने पर्यटन सेवा केन्द्र (काठमाण्डौ भिजिटर्स सेन्टर) भवनको स्वामित्व ९९ वर्षसम्म प्रथम पक्ष पर्यटन विभागको हुनेछ । ९९ वर्ष पछि सम्झौता नवीकरण नभएमा उक्त भवनको स्वामित्व द्वितीय पक्षको हुनेछ भनी उल्लेख गरेको परिप्रेक्षमा हाल नेपाल पर्यटन बोर्डको भवन रहेको परिसरको चार किल्ला भित्रको जग्गामा तत्कालीन पर्यटन विभाग र हाल नेपाल सरकार पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको स्वामित्व रहेको कुरामा कुनै विवाद देखिएन । साथै लिज सम्झौताको समुच्च अध्ययन गर्दा लिज सम्झौताको दफा २ बमोजिम निर्धारित

चारकिल्ला भित्र कुनै किसिमको स्थायी संरचनाको निर्माण गर्दा द्धितीय पक्ष अर्थात समाज कल्याण परिषद्को पूर्व सहमति लिनु पर्ने व्यवस्था समेत रहेको छैन ।

यस परिप्रेक्षमा उपरोक्त बमोजिमको काम कारवाई सम्पन्न गर्न समाज कल्याण परिषद, भृकुटी मण्डपको कार्यालय तथा परराष्ट्र मन्त्रालयले तोकेको पूर्वशर्तहरु पूरा भईसकेको सन्दर्भमा उक्त स्थानमा गैर आवासिय नेपाली संघ, रुसको महासचिव डा. बद्री के.सी. को लिखित अनुरोध बमोजिम नेपाल पर्यटन बोर्डको परिसरभित्र श्री सर एडमण्ड हिलारी, श्री तेन्जिङ शेर्पा र श्री वोरिस लिसान्भिचको प्रतिमा स्थापना गर्न नेपाल पर्यटन बोर्डलाई स्वीकृति प्रदान गरी सम्बद्ध निकायहरुलाई त्यसको जानकारी दिने निर्णय हुन मनासिव देखि पेश गरको छु ।